स्थानीय राजपत्र
मध्यपुर थिमि नगरपालिकाद्धारा प्रकाशित
वर्ष ८ खण्डः २, मध्यपुर थिमि, भक्तपुर, पौष २९ गते २०८१ साल,
भाग १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको ऐन नं...........

नगरसभाबाट स्वीकृत मिति : २०८१/०९/२९

**मध्यपुर थिमि नगरपालिकाको शिक्षा ऐन २०७९ को (दोश्रो संशोधन) लाई संशोधन गर्न बनेको ऐन, २०८१**

**प्रस्तावनाः**

मध्यपुर थिमि नगरपालिका शिक्षा ऐन, २०७९ मा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र परिभाषाः** (१) यो ऐनको नाम "मध्यपुर थिमि नगरपालिका शिक्षा (दोश्रो संशोधन) ऐन, २०८१" रहेको छ ।

२) यो ऐन मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्र नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२.मध्यपुर थिमि नगरपालिका शिक्षा ऐन, २०७९ को दफा २ मा संशोधनः मध्यपुर थिमि नगरपालिका शिक्षा ऐन, २०७९ (यस पछि मूल ऐन भनिएको) को दफा २ को,-

१) खण्ड ङ (१) थप गरिएकोः

ङ (१) "सामाजिक विकास महाशाखा" भन्नाले मध्यपुर थिमि नगरपालिकाको संगठन संरचना अनुसारको सामाजिक विकास महाशाखा सम्झनु पर्दछ ।"

२) खण्ड ङ (२) थप गरिएकोः

ङ (२) "शिक्षा, युवा तथा खेलकूद शाखा" भन्नाले मध्यपुर थिमि नगरपालिकाको संगठन संरचना अनुसारको शिक्षा, युवा तथा खेलकूद शाखा सम्झनुपर्छ ।

३) खण्ड ङ (३) थप गरिएकोः

ङ (३) "महाशाखा प्रमुख" भन्नाले मध्यपुर थिमि नगरपालिकाका सामाजिक विकास महाशाखा प्रमुखलाई सम्झनु पर्दछ।

४) खण्ड ङ (४) थप गरिएकोः

ङ (४) "शाखा प्रमुख" भन्नाले मध्यपुर थिमि नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुखलाई सम्झनुपर्छ ।

५) मूल ऐनको दफा ६ मा संशोधन

१) उपदफा १ को विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम पछि वा वैदेशिक शैक्षिक मेला एवं प्रदर्शनी थप गरिएको

३. मूल ऐनको दफा १५ मा संशोधनः मूल ऐनको दफा १५ को उपदफा १ मा संसोधन

१) खण्ड क (१) थप गररिएको

खण्ड क (१) सामाजिक महाशाखा प्रमुख सदस्य

२) उपदफा ४ थप गरिएको

उपदफा ४ नगरपालिकाले शैक्षिक गुणस्तर मापन र एकरुपताका लागि कक्षा ५ को वार्षिक परीक्षा लगायत अन्य कक्षाको परीक्षा लिई स्तरमापन गर्न सक्नेछ ।

४. मुल ऐनको दफा १६ मा संसोधनः मुल ऐनको दफा १६ को उपदफा १ को खण्ड ङ (१) थप गरिएको

१) खण्ड ङ (१) सामाजिक विकास महाशाखा प्रमुख सदस्य

५. मूल ऐनको परिच्छेद ५ को शिर्षकमा शिक्षक संघ को सट्टा शिक्षक अभिभावक संघ भन्ने शब्द रखिएको ।

६. मूल ऐनको परिच्छेद ५ दफा १७ मा संशोधनः मुल ऐनको दफा १७ को उपदफा ९ को खण्ड ठ थप गरिएको

खण्ड ठ नगरपालिकाले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराई नगरपालिका समक्ष प्रतिवेदन पेश गर्ने

७. मूल ऐनको दफा १८ को उपदफा २ मा संशोधनः मुल ऐनको दफा १८ को उपदफा २ मा संशोधन गरिएको

१) उपदफा २ मा नगरपालिकाले भन्ने शब्दको सट्टामा नगर शिक्षा समिति भन्ने राखिएको

८. परिच्छेद ६ दफा २१ मा संशोधनः मुल ऐनको दफा २१ को उपदफा १ मा संशोधन सहित थप गरिएको

१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पछि र नगरपालिकाले आफ्नो क्षेत्रभित्र स्थायी रुपमा बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न मध्यपुर थिमि नगरपालिकामा एउटा नगर शिक्षा विकास कोष रहनेछ।

२) उपदफा २ को खण्ड घ मा थप

उपदफा २ को खण्ड घ मा पूर्व वत अवस्थामा र संस्थागत विद्यालयले सुरक्षण बापत राखेको मुद्दति मौज्दातको व्याज वापतको रकम भन्ने थप गरिएको

९. मूल ऐनको दफा २२ मा संशोधनः

१) कोष सञ्चालक समिति को सट्टा कोष सञ्चालन सम्बन्धी व्यवस्था भन्ने शब्द राखिएको

२) उपदफा १ झिकिएको

३) उपदफा २ मा सञ्चालक समितिको सट्टा नगर शिक्षा समितिको सिफारिसमा लेखा उत्तरदायी अधिकारीबाट सञ्चालन हुनेछ भन्ने राखिएको

प्रमाणीकरण मिति २०८१।१२।११

२०८१।१२।११

आज्ञाले

राम बहादुर के.सी

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३